## बुद्धशान्ति गाउँपालिका

## बुधवारे, झापा

# गाउँ कार्यपालिका बैठकका निर्णयहरु

मितिः २०८३।०५।०१ गते पहिलो बैठकका निर्णयहरु

१. भागीरथा न्यौपाने बुद्धशान्ति अस्पताल सम्बन्धमा देहायको निर्णय भयो।

- क. भागीरथा न्यौपाने बुद्धशान्ति अस्पतालको राजश्व अपचलन सम्बन्धमा देखिएको कैफियत सम्बन्धमा थप अनुसन्धान एवं कारवाही प्रक्रियाको लागि जिल्ला प्रशासन कार्यालय, झापा तथा तालुक निकाय समक्ष लेखि पठाउने।
- ख. करार रद्ध पश्चात रिक्त भएका ४(चार) पदमध्ये सहायक कम्प्युटर अपरेटर, सहायकस्तर चौथो तहको ३(तिन) पदमा सेवा करार पदपूर्ति गर्न आवश्यक प्रक्रिया अघि बढाउने।
- ग. राजश्व अपचलन सम्बन्धी छानविन समितिले सुधारका लागि दिएको सुझावहरुको कार्यान्वयनका लागि अस्पताल प्रशासन र सम्बन्धित सफ्टवेयर कम्पनीलाई लेखि पठाउने।

२. बुधवारे साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, बुद्धशान्ति १ झापाको पुनर्लिखित विधानलाई थप छलफलका लागि विधेयक समितिमा पठाउने।

३. यस गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी नियमावली, २०७९ को अनुसूची ४ बमोजिम आवश्यक योग्यता जाँच गरी सिफारिस समितिको सिफारिस बमोजिम घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने।

४. बधशाला क्षेत्रमा चालु आ.ब. २०८३/८४ मा न्यूनतम ठेक्का रकम रु. १,२५,०००/- कायम गरी ठेक्का मार्फत भाडामा लगाउन आवश्यक प्रक्रिया अघि बढाउने।

५. चालु आ.व.२०८३/०८४ को बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि वडा कार्यालय/शाखाहरुबाट योजना संचालन गर्न सकिने चौमासिक कार्यक्रम कार्यान्वयन कार्ययोजना, योजना तथा अनुगमन शाखाले पठाएको ढाँचामा तयार गरी मिति २०८३।०५।०५ गते भित्रमा योजना शाखामा पेश गर्ने। उपभोक्ता समितिबाट पहिलो चौमासिकमा (कात्तिक मसान्त भित्र) संचालन गरिने योजनाहरुको हकमा उपभोक्ता समिति गठन गर्ने कार्य मिति २०८३ भाद्र २५ गते भित्र सम्पन्न गरी सो को विवरण योजना तथा अनुगमन शाखामा पठाउने। साथै, पूर्वाधार विकास शाखाबाट पालिका एवं वडासँगको समेत समन्वयमा लागत अनुमान तयार गरी यथासक्य चाडो ठुला योजनाहरुको ठेक्का आव्हान गर्न निर्देशन दिने।

द्रष्टव्यःनिर्णयसँग सम्बन्धित विषयहरुको विस्तृत विवरण कार्यालयबाट प्राप्त गर्न सकिनेछ।